nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

28°C । वर्ष : ११, अंक : १५ पृष्ठ ४ । सोमबार,१६ भदौ २०८२ । MONDAY, SEPTEMBER 01, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## राजस्व चुहावट नियन्त्रण गर्न गृहमन्त्री लेखकको निर्देशन

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१५ भदौ ।***



गृहमन्त्री रमेश लेखकले सीमा नाकामा हुने अवैध चोरीपैठारी र राजस्व चुहावट रोक्न सबै सरोकारवाला निकायबीच समन्वय र सहकार्य आवश्यक रहेको बताएका छन् । पर्सा जिल्ला प्रशासन कार्यालयमा भएको राजस्व चुहावट नियन्त्रण समन्वय समितिको बैठकमा बोल्दै गृहमन्त्री लेखकले भने, "एक निकायले अर्को निकायलाई दोषारोपण गर्नुको सट्टा, समन्वय र सहकार्यमार्फतै अघि बढ्नुपर्छ ।"

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख विष्णुप्रसाद ज्ञवालीले गत आर्थिक वर्षमा राजस्व सङ्कलन उत्साहजनक भएको जानकारी दिए । उनले अवैध चोरीपैठारी रोक्न सबै निकायको संयुक्त प्रयास आवश्यक रहेकोमा जोड दिए । पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका प्रमुख हरिप्रसाद शर्माले भारतीय नागरिकहरूले नेपालका कम आय भएका नागरिकको नागरिकताको दुरुपयोग गरी फर्म दर्ता गरेर तस्करी गर्ने गरेको बताए । यस्तो प्रवृत्ति रोक्न सबै निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको उनले बताए । नेपाल प्रहरी मधेस प्रदेशका प्रमुख उमाप्रसाद चतुर्वेदीले भन्सार नाका वरपर गोदाम सञ्चालन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने बताए । पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले पनि शान्ति, सुरक्षा र राजस्व चुहावट नियन्त्रणमा समन्वयका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## सिमरामा दुई मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१५ भदौ ।***




जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत सिमरामा आइतबार दिउँसो दुई मोटरसाइकल ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने अन्य दुई जना गम्भीर घाइते भएका छन् । इलाका प्रहरी कार्यालय सिमराका अनुसार, मृत्यु हुनेमा सप्तरीको बसवलपुर नगरपालिका-७ का २८ वर्षीय महेश पण्डित रहेका छन् । दुर्घटना बीरगन्ज -पथलैया सडकखण्डमा भएको हो । घाइतेमा रौतहटको गुजरा गाउँपालिका-७ का २५ वर्षीय रोशन चौधरी र ३४ वर्षीय भुपेन्द्र चौधरी रहेका छन् । प्रहरीका अनुसार, सिमराबाट पथलैयातर्फ आउँदै गरेको बा ९० प ६७९४ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आएको बागमती प्रदेश ०६-००३ प १७५३ नम्बरको मोटरसाइकल ठोक्किएका थिए । दुर्घटनामा महेश पण्डितको टाउको र खुट्टामा गम्भीर चोट लागेपछि उपचारको क्रममा परवानीपुरस्थित एलएस न्युरो अस्पतालमा मृत्यु भएको हो । घाइते

बाँकी तेश्रो पृष्ठमा⇨

## मधेस खबरकी सम्पादक माधुरी महतो सम्मानित

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१५ भदौ ।***



मधेस खबर अनलाइन न्युज पोर्टलकी सम्पादक माधुरी महतो पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीबाट सम्मानित भएकी छन् । शनिबार बीरगन्ज उद्योग वाणिज्य संघले आयोजना गरेको 'वृहत महिला सम्मेलन २०८२' मा पूर्वराष्ट्रपति भण्डारीले महतोसहित विभिन्न क्षेत्रमा समाजसेवा गरिरहेका २५ जना महिलालाई दोशल्ला ओढाएर कदरपत्र प्रदान गरी सम्मान गरेकी हुन् ।

महतो विगतमा बीबीसी नेपाली सेवामा पनि कार्यरत थिइन् । कार्यक्रममा पूर्वराष्ट्रपतिले बारा र पर्सा क्षेत्रका महिलाहरू उद्योग, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा क्रियाशील भएकाले उनीहरू केवल परिवारको हिस्सा मात्र नभई सम्पूर्ण समाजको प्रगतिको आधार भएको बताउँदै आयोजक वीरगञ्ज उद्योग वाणिज्य संघलाई धन्यवाद दिइन् । सम्मेलनको मूल नाराको विषय थियो–'नारी शक्ति, समर्पण र सम्मान'–र यसअन्तर्गत सम्मानित महिलाहरूले आफ्नो क्षेत्रमा लामो समयदेखि समाजको लागि योगदान दिइरहेका छन् ।

## पर्साको बीरगन्ज र पोखरियामा हैजा नियन्त्रणमा चुनौती

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१५ भदौ ।***



पर्सा जिल्लामा हैजा र झाडापखालाको प्रकोप अझै नियन्त्रणमा आउन सकेको छैन । सरोकारवालाले संक्रमण दर घट्दै गएको दाबी गरे पनि नयाँ संक्रमित थपिँदै जाँदा स्थिति चिन्ताजनक बनेको छ । बीरगन्ज महानगरपालिकाले आइतबार बिहान सार्वजनिक गरेको तथ्यांकअनुसार, महानगरमा मात्रै हैजा संक्रमितको संख्या १५९ पुगेको छ । उता पोखरिया अस्पतालमा उपचाररत बिरामीमध्ये १६ जनामा हैजा पुष्टि भएपछि जिल्लाभर संक्रमितको संख्या १७५ पुगेको हो । संक्रमण नियन्त्रणका लागि महानगरपालिकाले एक सातादेखि सम्पूर्ण विद्यालय बन्द राखेको छ । खानेपानी शुद्धीकरण र सरसफाइमा पनि अभियान चलाइए पनि हैजाको जीवाणु फैलिने वास्तविक स्रोत अझै पत्ता लाग्न सकेको छैन । सुरुवाती अनुमान विपरीत खानेपानी संस्थान र डिप बोरिङको पानीमा हैजाको जीवाणु भेटिएन भने अन्य माध्यममा परीक्षण गर्ने पहलसमेत भएको छैन । यसले सर्वसाधारणलाई अन्योलमा पारेको छ। महानगरको स्वास्थ्य महाशाखाका

बाँकी तेश्रो पृष्ठमा⇨

## मधेशमा इम्बोस्ड नम्बर प्लेट सेवा असोज १ देखि सञ्चालनमा

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१५ भदौ ।***

सरकारले इम्बोस्ड नम्बर प्लेट जडानलाई अनिवार्य गरेसँगै मधेश प्रदेशमा पनि यसको काम सुरु हुने भएको छ ।

यातायात व्यवस्था विभागका अनुसार, मधेश प्रदेशको लहान, सिरहास्थित यातायात व्यवस्था कार्यालयबाट असोज १ गतेदेखि इम्बोस्ड नम्बर प्लेट जडान कार्य सुरु हुनेछ । यातायात व्यवस्था विभागले देशभरि इम्बोस्ड नम्बर प्लेट जडानको प्रक्रियालाई विस्तार गरेको छ ।

असोज १ गतेदेखि थप सात कार्यालयहरूमा यो सेवा सुरु गरिने भएपछि अब कुल १६ स्थानबाट सवारीधनीहरूले इम्बोस्ड नम्बर प्लेट जडान गर्न सक्नेछन् । हाल बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका नौ वटा कार्यालयबाट यो सेवा उपलब्ध छ । यी कार्यालयहरूमा एकान्तकुना, हेटौंडा, गुर्जुधारा, टेकु, पोखरा, बुटवल, तुल्सीपुर, नेपालगञ्ज र सुर्खेत पर्दछन् ।

## मधेश प्रदेश सरकारले पूर्वाधार विकासमा फड्को मारे



***जनकपुर,१५ भदौ ।***

आर्थिक वर्ष २०८१/८२ मधेश प्रदेशका लागि पूर्वाधार विकासको उपलब्धिमूलक वर्ष बनेको छ । प्रदेश सरकारले सञ्चालन गरेका योजनाहरूले जनताको जीवनस्तर सुधार र दिगो समृद्धिमा ठोस योगदान पुर्‍याएका छन् ।

प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवका अनुसार, यस अवधिमा ४०६ किलोमिटर ग्राभेल सडक, २५३ किलोमिटर ढलान सडक र ८४ किलोमिटर कालोपत्रे सडक निर्माण सम्पन्न गरिएको छ । त्यस्तै, ११० वटा कल्भट र ६ वटा पक्की पुल निर्माण गरी सञ्चालनमा ल्याइएको छ । नयाँ सडक निर्माणका काम पनि ७७ किलोमिटर लम्बाइमा सम्पन्न भएका छन् । प्रदेश सरकारले प्रादेशिक सडक सञ्जाल गुरुयोजना स्वीकृत गर्दै सडक र पुल निर्माणका लागि डिजाइन, स्ट्यान्डर्ड र मापदण्ड पारित गरेको छ । 'एक निर्वाचन क्षेत्र, एक सडक' अभियानको दोस्रो चरणमा ३२० किलोमिटर लम्बाइका ६४ सडक निर्माण सुरु गरिएको छ भने 'एक निर्वाचन क्षेत्र, एक पक्की पुल' कार्यक्रमअन्तर्गत ६४ पुल निर्माण तयारी अवस्थामा छन् । आवास क्षेत्र पनि अघि बढेको छ । मदन भण्डारी आवास, जनता आवास

बाँकी तेश्रो पृष्ठमा⇨

## पर्सामा एकजनाले गरे आत्महत्या

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१५ भदौ ।***

पर्साको बहुदरमाइ नगरपालिकामा आज विहान एकजना आत्महत्या गरेका छन् । बहुदरमाइ नगरपालिकाको वडा नम्बर-७ मा एक पुरुषले आत्महत्या गरेको पर्सा प्रहरीले जनाएको छ । प्रहरीका अनुसार अन्दाजी ४८ वर्षीय शम्भु साह कानुले आफ्नै घरमा झुण्डिएर आत्महत्या गरेको प्रहरी प्रवक्ता किशोर लम्सालले बताए । उनका अनुसार कानु आफ्नै घरको भुइँ तल्लामा पंखामा झुण्डिएर आत्महत्या गरेका हुन । कानुको मृत्युबारे

बाँकी तेश्रो पृष्ठमा⇨

## भूमि विधेयकको विरोधमा जलेश्वरमा प्रदर्शन

***जनकपुर,१५ भदौ ।***




जनता समाजवादी पार्टी (जसपा) नेपालले भूमि विधेयक फिर्ताको माग गर्दै जलेश्वरमा प्रदर्शन गरेको छ । चुरे र जंगल मासेर मधेशलाई मरुभूमि बनाउने व्यवस्था भएको विधेयक फिर्ताको माग गर्दै जसपाका नेता कार्यकर्ताहरुले सरकारविरुद्ध आइतबार प्रर्दशन गरेका हुन् । जलेश्वरको खैरा चोकस्थित जसपा नेपालको पार्टी कार्यालयबाट सुरु भएको र्‍याली नगरपालिका चोकमा पुगेर कोणसभामा परिणत भएको थियो । सभालाई सम्बोधन गर्दै जसपा नेपालका महासचिव रामकुमार शर्माले ओली नेतृत्वको सरकार अलोकतान्त्रिक रहेको र भूमि विधेयक ल्याएर सरकारले मधेशलाई मरुभूमिकरण गर्न खोजेको आरोप लगाए । त'संविधान संशोधन, सुशासन कायम, बेरोजगारी समस्या समाधान गर्ने प्रतिबद्धता गरी बनेको एमाले-कांग्रेस गठबन्धनको सरकारले प्रतिबद्धताबाट पछाडि हटेर मधेशविरोधी विधेयक ल्याएर मधेशको अस्तित्व समाप्त गर्न लागीपरेको छ,' महासचिव शर्माले भने,'केपी शर्मा ओली नेतृत्वको सरकारले ल्याएको भूमिसम्बन्धी विधेयकले चुरे र वन फँडानी गरी भूमाफियालाई जिम्मा लगाउने

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सहसम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### भूमिका देखाउँदै राष्ट्रिय सभा

नेपालमा संघीय संरचनामा दुई सदनात्मक व्यवस्थापिका अभ्यासमा छ । संविधानको धारा ८३ ले संघीय संसदको तल्लो सदनलाई प्रतिनिधि सभा र माथिल्लो सदनलाई राष्ट्रिय सभाको नाम दिइएको छ । प्रतिनिधि सभामा जनताबाट प्रत्यक्ष निर्वाचित र दलले छानेका समानुपातिक सांसद रहन्छन् । राष्ट्रिय सभामा स्थानीय तहका प्रमुख र उपप्रमुख तथा प्रदेश सभा सदस्यले निर्वाचित गरेका सांसद रहन्छन् । दुई सदनात्मक अभ्यासको विषयमा बेलाबेला प्रश्न उठ्छ । तर, कतिपय बेला यो आवश्यक थियो भन्ने पनि देखिन्छ । पछिल्लो उदाहरण हो- संघीय निजामती सेवा विधेयकको प्रतिवेदनमा भएको त्रुटि सच्याउने निर्णय । प्रतिनिधि सभाले निजामती सेवा विधेयक पास गरिसकेपछि त्रुटि भएको भनेर प्रश्न उठेको थियो । त्यसपछि गठित संसदीय विशेष समितिले गम्भीर त्रुटि भएको निष्कर्ष निकालेको थियो । प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले सरकारी कर्मचारीका लागि राजीनामा दिएपछि वा अवकाश पाएपछि दुई वर्षसम्म सरकारी, संवैधानिक, कूटनीतिक र अन्य नियुक्ति लिन नपाउने सहमति गरेको थियो । तर यो प्रावधान निष्क्रिय हुने भाषा विधेयकको प्रतिवेदनमा परेपछि प्रश्न उठेको थियो । त्यस्तो प्रश्नको निरुपण राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले गरेको छ । प्रतिनिधि सभामा भएको त्रुटि सच्याएर सरकारी कर्मचारीका लागि अवकाशपछि दुई वर्ष कुलिङ अफ पिरियडको प्रावधान लागू गर्ने निर्णय गरेको छ । राष्ट्रिय सभाले पछिल्लो समय केही मानक स्थापित गरेका छन् । समयमै सभाको बैठक चलाउने अभ्यासमा राष्ट्रिय सभा छ । जुनबेला समय तोकिएको हो सोही समयमा जनाउ घण्टी बज्छ । सभामा सांसदले जुन दिन बोलेका हुन् त्यही दिन शब्दमा उतारेर वेबसाइटमा राख्छ । छुट्टाछुट्टै भिडियो वेबसाइटमा अपलोड हुन्छ । राष्ट्रिय सभाअन्तर्गतका विषयगत समितिले कानुन कार्यान्वयनको मापनसमेत सुरु गरेका छन् । सभामा प्रादेशिक समय चलाउनेलगायतका मौलिक अभ्याससमेत गर्दै आएको छ ।राष्ट्रिय सभाको भूमिका नै प्रतिनिधिसभालाई चेक गर्ने खालको छ । सरकार बनाउन राष्ट्रिय सभा सदस्यको भूमिका छैन । कानुन निर्माणमा पनि प्रतिनिधि सभालाई समयको पावन्दी छैन । तर प्रतिनिधि सभाबाट पास भएर गएको विधेयक राष्ट्रिय सभाले ६० दिनभित्र पास गरिसक्नुपर्छ । अर्थात् प्रतिनिधि सभाले कानुन निर्माणमा केही गलत गरेको छ कि भनेर राष्ट्रिय सभाले हेर्छ । यस्तोमा राष्ट्रिय सभाले गर्दै आएको कार्यले यसको औचित्य स्थापित गर्दै लगेको छ । तथापि यो सभा अझै सक्रिय हुनुपर्नेछ । यसका निम्ति यो सभामा लगिने पात्रको विषयमा राजनीतिक दलहरू पनि थप गम्भीर बन्नुपर्छ ।

## वाम एकता : औचित्य र आवश्यकता

**प्रकाश ज्वाला**



यति बेला राष्ट्रिय राजनीतिमा बहसको केन्द्रमा रहेको एउटा विषय हो- वाम एकता वा ध्रुवीकरण । कम्युनिस्ट नेताहरूका दैनिक भाषणमा वाम एकता मुख्य विषय बन्ने गरेको छ, कतिपय नेताले यसैलाई आफ्नो राजनीतिक 'पुँजी' बनाएर खपत गर्ने प्रयास गरेका छन् तर निष्कर्ष निस्किन कठिन छ । वाम एकताको 'डिस्कोर्स' चल्नु स्वाभाविक पनि छ । छिमेकी देशका नेताहरूले नेपालका वामपन्थी नेताहरूलाई सोध्ने प्रश्न हो- एउटै सिद्धान्त, लक्ष्य र सपना बोकेका वामपन्थीहरू किन विभिन्न समूहमा विभाजित छन् ? किन एउटै छातामुनि एकताबद्ध हुन सक्दैनन् ? नेपालका कम्युनिस्ट नेताहरूले गम्भीरतापूर्वक यी यक्ष प्रश्नको जवाफ कहिल्यै पनि खोजेनन् । उनीहरू आ-आफ्ना 'झुपडी' बनाएर बस्नमै रमाएका छन् । आन्दोलन जहाँ पुगोस्, अलगअलग 'भान्छा' बनाउन बानी परिसकेका छन् । एउटै घरमा बस्नै नसक्ने, सँगै हिँड्नै नसक्ने, आपसमा हातेमालो गर्नै नसक्ने कम्युनिस्टहरूको पुरानो प्रवृत्ति हो । सकेसम्म एकताबद्ध हुन नसक्ने, भइहाले पनि टिकाउन नसक्ने 'क्रोनिक' रोगबाट ग्रस्त छ, वाम आन्दोलन । वाम एकता 'भ्यागुताको धार्नी' जस्तो भएको छ । नेपालको कम्युनिस्ट आन्दोलनले गर्विलो र दर्बिलो इतिहास बोकेको छ । २००६ सालमा निरंकुश राणा शासनविरुद्धको जनआन्दोलनको गर्भबाट पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीको जन्म भयो । पाँच जना योद्धाले लेनिनको जन्मदिनमा नेपालको पहिलो संगठित कम्युनिस्ट पार्टीको स्थापना गरेका थिए । त्यस दिनदेखि नेपालमा वाम विचारको औपचारिक बीजारोपण हुनुका साथै वाम आन्दोलनको संस्थागत यात्रा अघि बढ्यो । स्थापनाकालदेखि देश, जनता, किसान-मजदुरको हितमा समर्पित, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका लागि संघर्ष गर्दै आएको नेपाल कम्युनिस्ट पार्टीको सुनौलो इतिहास छ । कम्युनिस्ट पार्टीले राज्यको मूल प्रवाहबाट बहिष्करण र वञ्चितीकरणमा परेका महिला, दलित, जनजाति, अल्पसंख्यक, शोषित, उपेक्षित वर्ग, क्षेत्र, समुदायको पक्षमा सधैं सम्झौताहीन संघर्ष गर्दै आएको छ । हजारौं कम्युनिस्ट नेता र कार्यकर्ताले देश र जनताको हितका लागि जीवनमरणको संघर्ष गरे, कतिले लामो जेल जीवन बिताए, धेरैले आफ्नो अमूल्य जीवन बलिदान दिए । आन्दोलनले जनमतको ठूलो हिस्सा आफ्नो पक्षमा आर्जन गर्न पनि सक्यो । आज नेपाल वामपन्थीमय छ, बहुमत जनता कम्युनिस्ट पार्टीको पक्षमा छन् । तर दुर्भाग्य ! यस्तो गौरवशाली इतिहास बोकेको र जनमतको ठूलो हिस्साले विश्वास गरेको नेपालको वाम आन्दोलन विभाजन र विखण्डनको अन्तहीन शृंखलामा फसिरहेकै छ । इतिहासले प्रमाणित गरेको छ, जतिबेला वामपन्थीहरू एकजुट भए राष्ट्रियता र लोकतन्त्र सबल भयो, जनजीविकाको आन्दोलन सशक्त बन्यो र प्रतिगामी पुनरुत्थानवादी शक्तिहरू पराजित भए ।वामपन्थीहरू टुक्रिँदा आन्दोलन कमजोर, राष्ट्रियता संकटमा, लोकतन्त्र धरापमा र जनताको विश्वासमा आघात पुगेको छ । २०१९ सालको तेस्रो महाधिवेशनपछि सुरु भएको विभाजनको रेखाले आन्दोलनलाई लगातार क्षति पुर्‍यायो । विभिन्न खाले अवसरवाद अर्थात् दक्षिणपन्थी विचलन र उग्रवामपन्थी अतिवादविरुद्ध संघर्ष भए । तर आन्तरिक एकता भने बलियो हुन सकेन । त्यसपछि आजपर्यन्त एकता र विभाजनका अनन्त शृंखला चली नै रहेका छन् । २०७५ सालमा नेकपा (एमाले) र नेकपा (माओवादी) बीच एकीकरण भई वाम आन्दोलनको मूल प्रवाह 'नेपाल कम्युनिस्ट पार्टी (नेकपा)' स्थापना भयो । यो ऐतिहासिक उपलब्धि बृहत् वाम एकतातर्फको 'कोसेढुंगा' थियो । नेकपा नेपालको सबैभन्दा ठूलो कम्युनिस्ट पार्टी मात्र होइन, संसद्मा करिब दुईतिहाइ बहुमतसहित देशकै सबैभन्दा विशाल र सुदृढ राजनीतिक पार्टी बन्न पुग्यो । दक्षिण एसियामै सबैभन्दा सुसंगठित राजनीतिक दलका रूपमा चर्चा कमायो । तर नेताहरूमा रहेका दम्भ, कुण्ठा, सत्ता उन्मादका कारण एकताबाट निर्मित विशाल धरोहर पनि भूकम्पले धरहरा भत्काएजस्तै छोटो समयमै गर्ल्यामगुर्लुम ढल्यो । वैचारिक, सैद्धान्तिक र कार्यक्रमगत आधारभन्दा पद र स्वार्थका कारण एकता टिक्न सकेन । कच्चा जगमा बनेको घरजस्तै त्यो एकता चाँडै भत्कियो र नेकपा विघटन हुन पुग्यो । वाम आन्दोलनका साथै राष्ट्र निर्माण र लोकतन्त्रको सुदृढीकरणका लागि पनि यो एउटा ठूलो दुर्घटना थियो । एकतापूर्व २०७४ को संघीय र प्रदेश निर्वाचनमा एमाले-माओवादीबीचको चुनावी तालमेलले जनतामा ठूलो आशा र अपेक्षा जगाएको थियो । जनताको अपार बहुमतसहित चामत्कारिक उपलब्धि प्राप्त भयो । यसले वाम आन्दोलन र लोकतन्त्रको सुदृढीकरणमा विश्वास, अर्कोतिर वाम बहुमतको सरकारबाट विकास, समृद्धि र जनतामा खुसियालीको राजमार्ग खुल्ने अपेक्षा थियो । तर परिणाम उल्टो भयो । बहुमतको सरकार राष्ट्र निर्माण, जनतालाई 'डेलिभरी' दिनेतिर होइन, भ्रष्ट र दलाल पुँजीपतिहरूको सेवामा केन्द्रित भयो । जनतालाई सेवा सुविधा, सुशासन र रोजगारी दिएर समाजवादका आधार तयार

बाँकी तेश्रो पृष्ठमा

## भूमि वितरण र सामाजिक न्याय

**रेमन्त चौधरी**

नेपालमा भूमि वितरणको समस्या दशकौंदेखिको हो । २००७ सालको प्रजातन्त्र प्राप्तपछिका सरकारले यो समस्यालाई समाधान गर्न केही न केही प्रयास गरेका छन् । तर ती प्रयासले भूमिहीनताको समस्यालाई समेत सम्बोधन गर्न सकेको छैन । भूमि समस्या समाधान आयोग जिल्ला समिति दाङको तथ्यांकअनुसार दाङमा मात्र भूमिहीन दलित ६,४७४, भूमिहीन सुकुम्वासी १०,९५० र अव्यवस्थित बसोबासी ५१,५०२ गरी जम्मा ६८,९२६ परिवारले जग्गा प्राप्तिको लागि निवेदन पेस गरेका छन् । आदिवासी धर्तीपुत्र थारु नै बढी संख्यामा भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासी छन् । जसले जमिन उर्बर बनाए, औलो मलेरिया जस्ता महामारीसँग लडे, उनै भूमिहीन हुन पुगे । उनीहरुको पहिला आफ्नै जमिन थियो तर जमिनदारी प्रथा र तत्कालीन समयको भूमि सुधारको गलत नीतिले जग्गा खोसियो । जसको परिमाण कमैया, कमलरीजस्ता कुप्रथा विकसित भएको थियो । भूमिहीन सुकुम्वासीको बास नदी, खोला किनार, सडक छेउछाउ, सार्वजनिक र सरकारी जग्गामा छ । जुन अहिलेको नीतिले सम्बोधन हुँदैन । दैनिक ज्यालादारी गर्ने, अरुको जग्गा अँधिया तथा ठेक्का लिएर खेतीपाती गर्ने साना किसानको किसानी पेसा खोसिँदै छ । कृषि क्षेत्रमा कम्पनीको प्रवेशले अँधिया ठेक्का पाउन पनि भूमिहीन र साना किसानलाई समस्या हुन थालेको छ । उनीहरुलाई दैनिक गुजारा चलाउन झन् मुस्किल हुँदै छ । भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न आयोगवाट प्रयास भइरहेको छ । जनशक्तिको व्यवस्थापन, निवेदन केलाउने, आवश्यक कागजात संकलन, सत्यापन, प्रमाणीकरण, नापनक्साका लागि उपकरणको प्रबन्ध र नापनक्साको कार्य भइरहेको छ । केही पालिकाले ८० प्रतिशतसम्म नापनक्साको काम गरिसकेका छन् । तर जग्गाधनी प्रमाण पुर्जा प्राप्ति प्रक्रियामा ढिलाइ भइरहेको छ । स्थानीय तहले भूमि शाखाको स्थापना गरेका छन् । तर आवश्यक दक्ष जनशक्ति व्यवस्थापन अझै हुन सकेको छैन । कर्मचारीलाई प्रोत्साहन गर्ने कार्यक्रम छैन । केही जनप्रतिनिधि आयोगको कामलाई बेवास्ता गर्छन् । कर्मचारीमा पनि आलटाल गर्ने प्रवृत्ति छ । आयोगको कामलाई बोझका रुपमा लिनेहरु पनि छन् । उनीहरुको सोचमा परिवर्तन हुन जरुरी छ । संविधानको धारा ३७ ले प्रत्येक नागरिकको उपयुक्त आवासको हकलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेकोछ । यद्यपि, लाखौंको संख्यामा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी यो अधिकारबाट वञ्चित छन् । फलस्वरूप यो अधिकार कागजमै सीमित हुन पुगेको देखिन्छ । यो समस्या किन समाधान हुन सकेन ? के सरकारको नीति र कार्यान्वयनमा कमजोरी छ वा समाजको सोच र राजनीतिक इच्छाशक्तिको अभावले यो अवस्था निम्तिएको हो ? लगायतका आम प्रश्नहरू अझै पेचिलो बन्दै गएका छन् । पछिल्लो पटक २०८१ कात्तिकमा भूमि समस्या समाधान आयोग गठन भएको छ । आयोगले विगतका कामलाई निरन्तरता दिँदै चितवन, सुनसरी, मकवानपुर, पाल्पा बाँके, दाङ र रुपन्देहीजस्ता जिल्लामा जग्गाधनी प्रमाण पुर्जा वितरण थालेको छ । यो प्रयासले केही आशा जगाएको छ । तर प्रगति निकै सुस्त छ । आयोगका अधिकारीहरू स्वयं नै यो प्रगतिबाट सन्तुष्ट छैनन् । सरकारले चालु आर्थिक वर्षमा ५ लाख परिवारलाई पुर्जा दिने लक्ष्य राखेको छ । तर अहिलेकै गतिले यो लक्ष्य पूरा हुनेमा शंका छ । भूमिहीन र अव्यवस्थित बसोबासीले जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउने काम मूलतः राजनीतिक हो । यो विषयमा सबै राजनीतिक दलको चासो र सकारात्मक सहयोगको जरुरी छ । त्यही भएर राष्ट्रिय मान्यता प्राप्त सबै दललाई वडा तथा पालिकाको सहजीकरण समितिमा अनिवार्य गराएको छ । संविधान, कानुन, नियम, कार्यविधिअनुरूप भूमिहीन र अव्यवस्थित बसोबासीको व्यवस्थापन कार्यका लागि कसले के गर्ने भन्नेमा स्पष्ट भई तोकिएको भूमिका सबैले निर्वाह गर्नुपर्छ । यसलाई आम सरोकारको विषय बनाई एउटा न्यायको पर्वको स्वरूप दिए मात्र सरकारको लक्ष्य पूरा हुने देखिन्छ । धेरै प्रयास पछि दाङ जिल्लाको लमही नगरपालिका-३, कान्छीटोलका २३ परिवारले पुर्जा प्राप्त गरेका छन् । यसका लागि भूमि समस्या समाधान आयोग दाङ जिल्ला समिति, स्थानीय पालिकाको भूमि शाखा, वडा कार्यालय, नापी एवं मालपोत कार्यालयसाँगै यो प्रक्रियालाई सहज बनाउन सघाउने संघसंस्थाबीचको सहकार्यमा यो काम सपन्न भएको थियो । यस ठाउँमा बसोबास गरेको ४२ वर्षपछि उनिहरुले जग्गाधनीको प्रमाणपत्र प्राप्त गरेका छन् । संविधानले सुनिश्चित गरेको अधिकार जब व्यवहारमा परिणत हुन्छ, समाजमा त्यसको सकारात्मक प्रभाव पर्छ । किनकि भूमिहीनका लागि प्रमाण पुर्जा कागजको टुक्रा मात्र होइन, उनीहरूको पहिचान र सुरक्षाको आधार पनि हो । जग्गाधनी प्रमाण पुर्जाले उक्त समुदायलाई अपहेलनाबाट मुक्त गराउँछ । शिर उच्च गरेर बाँच्न सघाउँछ । आँट भरोसा बढाउँछ । भूमिहीन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न सरकार प्रयासरत छ । व्यवस्थापनमा कानुनी जटिलता छन् । तर सरकार र सम्बन्धित निकायहरूले समन्वय गरेर यसलाई सरल बनाउन सक्छन् । आयोगले केही जग्गाहरूलाई नकारात्मक सूचीमा राखेको छ । जहा धेरैजसो भूमिहीन र अव्यवस्थित बसोबासीहरू बसेका छन् । विशेषगरी वन क्षेत्रका जग्गाहरू, जहाँ ८० प्रतिशतभन्दा बढी यस्ता बसोबासी छन् । त्यहाँ

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## छ महिनामा यमनमा अमेरिका र इजरायलको आक्रमणमा ७७६ जनाको मृत्यु

*काठमाडौं,१५ भदौ ।*

सन् २०२५ को पहिलो छ महिनामा उत्तरी यमनमा अमेरिका र इजरायलबीच भएको हवाई आक्रमणमा परी ७७६ जनाको मृत्यु भएको छ। हुथी विद्रोहीद्वारा सञ्चालित अल-मसिराह टिभीले सार्वजनिक गरेको रिपोर्ट अनुसार मर्नेको संख्या ७७६ पुगेको हो। राजधानी साना, रेड सीको बन्दरगाह शहर होदेइदा, सादा र अम्रान प्रान्तमा सबैभन्दा बढी महिला र बालबालिकाको मृत्यु भएको यमनी सञ्चारमाध्यमले जनाएका छन् ।गत अप्रिल २८ मा सादा प्रान्तको आप्रवासी हिरासत केन्द्रमा अमेरिकी हवाई आक्रमणमा ७० इथियोपियाली आप्रवासीको पनि मृत्यु भएको थियो। अल-मसिराह टिभीले मारिएका र घाइते भएकाको विवरण उपलब्ध गराएको छैन र तथ्याङ्कहरू स्वतन्त्र रूपमा पुष्टि गर्न सकिएको छैन। हवाई आक्रमणले विमानस्थल, बन्दरगाह, विद्युत् र इन्धन स्टेसनका साथै कारखानालाई समेत निशाना बनाएको बताइएको छ। गत मे महिनामा ओमानको



मध्यस्थतामा हुथी विद्रोहीले लाल सागरमा अमेरिकी पानी जहाजलाई निशाना बनाउने काम बन्द गर्ने प्रतिबद्धता जनाएपछि संयुक्त राज्य अमेरिकाले हुथीविद्रोही माथिको आक्रमण रोकेको थियो। यसैबीच, गाजामा इजरायल-हमास युद्धका बीच प्यालेस्टाइनप्रति ऐक्यबद्धता जनाउन हुथी विद्रोहीले सन् २०२३ नोभेम्बरदेखि इजरायललाई लामो दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र र ड्रोनले निशाना बनाइरहेका छन् ।इजरायलले प्रतिकारलाई निरन्तर जारी राखेको छ। यस हप्ता उसले सानामा हुथी विद्रोहीको निशानामा दुई चरणको हवाई आक्रमण गरेको थियो, जसमा १० जना सर्वसाधारणको मृत्यु हुनुका साथै अन्य ९२ जना घाइते भएका थिए । मारिनेमा अधिकांश महिला र बालबालिका थिए, हुथीद्वारा सञ्चालित स्वास्थ्य अधिकारीका अनुसार इजरायली सेनाले बिहीबार हुथी कमाण्डरहरुको बैठकलाई लक्षित गरी दोस्रो श्रृङ्खला आएको जनाएको छ। हुथी सञ्चारमाध्यमले समूहका जनरल स्टाफ प्रमुख मोहम्मद अब्दुलकरिम अल गुमारीलाई उद्धृत गर्दै कुनै हताहती नभएको बताएको छ । रासस/एएफपी

## चिनियाँ राष्ट्रपतिले मोदीसँग भने "ड्रागन र हात्ती एकै साथ आउनु महत्वपूर्ण"

*काठमाडौं,१५ भदौ ।*

चीनका राष्ट्रपति सी जिन पिङले भारत र चीन दुवै देश राम्रो छिमेकी रहिरहनु जरुरी रहेको बताएका छन् ।

आइतबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको द्विपक्षीय बैठकमा भने, 'ड्रागन र हात्ती एक साथ हुनु निकै जरुरी छ ।' चिनियाँ राष्ट्रपतिले भने, 'विश्व परिवर्तनतर्फ अघि बढिरहेको छ । चीन र भारत विश्वका सबैभन्दा प्राचीन सभ्यता हुन् । हामी दुवै विश्वका सबैभन्दा धेरै जनसंख्या भएका देश हौं र ग्लोबल साउथको हिस्सा पनि हौं ।' उनले दुवै देश मित्र बनिराख्नु राम्रो हुने भन्दै राम्रो छिमेकी हुनु आवश्यक



रहेको बताए । यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बैठकमा भारत र चीनबीचको सम्बन्धमा सकारात्मक दिशा प्राप्त भएको बताए । चीनको तियानजिनमा आजदेखि १ सेप्टेम्बरसम्म सांघाई कोअपरेशन अर्गनाइजेशन (एससीओ)को बैठक जारी छ ।

यो बैठकमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीसहित रुसी राष्ट्रपति भ्लादिमिर पुटिन पनि सहभागी हुनेछन् ।

## इजरायली आक्रमणमा हुथी समूहका प्रधानमन्त्री मारिए

*काठमाडौं,१५ भदौ ।*

यमनको राजधानी सानामा इजरायली हवाई आक्रमणमा हुथी विद्रोहीका प्रधानमन्त्री अहमद अल-रहावीको मृत्यु भएको छ । हुथीले पनि आफ्ना नेता मारिएको पुष्टि भएको छ ।

हुथीले उक्त घटनाको निन्दा गरेको छ । अलजजीराका अनुसार हुथीले उक्त आक्रमणको बदला लिने चेतावनी दिएको छ । शनिबार हुथीले जारी गरेको एक वक्तव्यमा बिहीबार सानामा भएको आक्रमणमा रहाबीका साथै अन्य मन्त्रीहरुसमेत



मारिएको जनाएको छ । वक्तव्यमा भनिएको छ, 'अल रहावी हुथी नियन्त्रण क्षेत्रका प्रधानमन्त्री हुन् । एक कार्यशालामा सहभागी भएका प्रधानमन्त्रीसहित अन्य मन्त्रीहरुमाथि निशाना बनाइएको छ ।' इजरायली आक्रमणमा अन्य कति मारिएका छन् भन्ने विवरण भने हुथीले खुलाएको छैन ।हुथीको सर्वोच्च राजनीतिक परिषदका अध्यक्ष रहेका यमनी राजनेता तथा सैन्य अधिकारी महदी अल-मशातले एक भिडियो जारी गर्दै बदला लिने र इजरायलले यस आक्रमणको चर्को मूल्य चुकाउनुपर्ने चेतावनी दिएका छन् ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा

### वाम एकता : औचित्य.........

पार्ने ऐतिहासिक अवसर र जिम्मेवारी कम्युनिस्ट पार्टीको काँधमा आइपरेको थियो, त्यो पनि गुम्यो । यहाँनिर चिनियाँ नेताहरूले सोध्ने गरेको 'नेपालमा कम्युनिस्ट पार्टीहरू पटक-पटक सरकारमा पुगेर पनि किन समाजवादका आधार निर्माण गर्न सकेनन् ?' भन्ने गम्भीर प्रश्नले नेपालका वाम नेतालाई गिज्याइरहेजस्तो लाग्छ ।

नेपालको कम्युनिस्ट आन्दोलनले विगतमा ठूलो बलिदान दिएको छ, आज पनि जनताले वामपन्थी शक्तिसँग ठूलो विश्वास राखेका छन् । त्यो अपेक्षा पूरा गर्न सच्चा, सिद्धान्तनिष्ठ र नीति-कार्यक्रममा आधारित एकता अपरिहार्य छ । वाम एकता गीत गाउने वा नारा लगाउने विषय होइन, आत्मसात् गरेर कार्यान्वयन गर्ने जीवन्त प्रक्रिया हो । जंगलको सबैभन्दा बलियो जनावर सिंह पनि दुई कदम अघि बढेपछि एक कदम पछाडि फर्किएर आफ्नो हिँडाइको अवलोकन गर्छ । यसैलाई 'सिंहावलोकन' भनिन्छ । साभार ईकान्तिपुर ।

### भूमि वितरण र सामाजिक...

व्यवस्थापन गर्न सरकारले भूमि विधेयकमा सहमति जुटाएर पारित गर्नुपर्छ । स्थानीय तहमा भएका राम्रा कामलाई प्रोत्साहन गर्नु एकदमै जरूरी छ । ती अनुभव अरूसँग बाँड्नुपर्छ । आयोगको वेबसाइटमा हरेक प्रदेश र जिल्लाको प्रगति राख्दा सबैलाई जानकारी हुन्छ । रेडियो, टेलिभिजनसँगै अन्य प्रविधिको उपयोग गरेर यस विषयलाई व्यापक बहको विषय बनाउन जरुरी छ । भूमि समस्या समाधान आयोगको जिल्ला समिति र स्थानीय तहलाई थप अधिकार दिँदा काम छिटो र राम्रो हुन सक्छ । लगत संकलन, सत्यापन, जग्गा नापजाँच, नक्सा तयार गर्ने, फिल्डबुक, प्लट रजिस्टर, स्रेस्ता पुर्जा बनाउने जस्ता काम स्थानीय तहले गर्न सक्छन । यसले आयोग, नापी कार्यालय र मालपोतबीचको अन्योल हट्छ । कर्मचारीहरूको आयोगको कामप्रति लगाव वढाउन थप सेवा सुविधाको व्यवस्था गर्नुपर्छ । उठेको राजस्वको ५० प्रतिशत स्थानीय तहमै रहने व्यवस्था गर्दा स्थानीय तह थप जिम्मेवारी लिन तयार हुनेछन् । साथै, ऐन, कानुन र नियमावलीमा आवश्यक परिमार्जन गर्न सबै सरोकारवाला निकायबीच संवाद र समन्वय गर्न जरुरी छ । सरकार मात्र लागेर भूमिसम्बन्धी समस्या समाधान हुन सक्दैन । सबै राजनीतिक दल, नागरिक संघसास्थाको साभार ईकान्तिपुर ।

### बारामा भण्डारीका...............

भण्डारी फाउण्डेसन बीरगन्जको कार्यक्रममा सहभागी भइन् । फाउण्डेसनले सरकारी सेवामा नाम निकाल्ने युवाहरुलाई सम्मान कार्यक्रम राखेको थियो । सम्मान कार्यक्रमपछि स्थानीय नेताहरुसँग भेटघाट चलिरहेको छ ।

### सिमरामा दुई मोटर.............

रोशन चौधरीको टाउको र दुवै खुट्टामा चोट लागेको छ र उनको प्रादेशिक अस्पताल कलैयामा उपचार भइरहेको छ। भुपेन्द्र चौधरीको दाहिने हात र बायाँ खुट्टामा चोट लागेको छ र उनको एलएस न्युरो अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिएको छ।

### पर्साको बीरगञ्ज र............

अनुसार आइतबार बिहानसम्म वीरगन्जस्थित विभिन्न अस्पतालमा ८०४ बिरामी उपचारका लागि पुगेका छन्। तीमध्ये ३० नयाँ बिरामी हुन् । कुल बिरामीमध्ये ६०९ निको भई घर फर्किसकेका छन् भने १९५ अझै उपचाररत छन् । तीमध्ये ४७ जनामा हैजा पुष्टि भएको छ। बाँकी १७२ जना विभिन्न अस्पतालको सामान्य वार्डमा, ६ जना एचडीयुमा र १७ जना आइसियुमा उपचाररत छन्। पोखरिया अस्पतालका मेसु डा. आनन्द रौनियारका अनुसार त्यहाँ हालसम्म ३० जना झाडापखाला तथा हैजाका बिरामी भर्ना भएका छन् । तीमध्ये १६ जनामा हैजा पुष्टि भइसकेको छ । शनिबारदेखि आइतबारसम्म दुई नयाँ बिरामी थपिएका छन् भने आधा दर्जन उपचारपछि डिस्चार्ज भएका छन्। संक्रमण दर घट्दै गएको दाबी भए पनि संक्रमितको संख्या दिनहुँ बढिरहेका कारण स्वास्थ्यकर्मीले सतर्कता अझै बढाउनुपर्ने चेतावनी दिएका छन्।

### मधेश प्रदेश सरकारल........

र महेन्द्रनारायण निधी आवास कार्यक्रमअन्तर्गत १,५७० घर निर्माण सम्पन्न भएका छन् भने ४,००० भन्दा बढी घर निर्माणाधीन छन् । साथै, सामुदायिक भवन, धर्मशाला, सरकारी भवन र सभाहल गरी २०७ वटा संरचना निर्माण गरिएका छन्। सम्पूर्ण अनुदान अन्तर्गत ७ सडक, प्रादेशिक सडक अन्तर्गत ३५ सडक र प्रादेशिक पुल अन्तर्गत १४ पुल निर्माणाधीन छन् । प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत २१ स्थानीय तहलाई पक्की सडकसँग जोड्ने काम भइरहेको छ। हालसम्म १५० किलोमिटर पक्की सडक मर्मत र १२ सय किलोमिटर नियमित सडक मर्मत सम्पन्न भएको छ। यस्तै, प्रदेश सरकारले रामजानकी बहुउद्देश्यीय रंगशालाका लागि जग्गा सम्झौता र गुरुयोजना तयार पारिसकेको छ भने बजेट व्यवस्थापन प्रक्रिया पनि प्रारम्भ भइसकेको छ।

### पर्सामा एकजनाले..............

खबर आउनसाथ प्रहरीको टोली घटनास्थलमा पुगेको थियो ।घटनाको कारणबारे आवश्यक अनुसन्धान चलिरहेको पर्सा प्रहरीले जानकारी दिएको छ ।

### भूमि विधेयकको विरोध......

तयारी गरेको छ ।' पर्यावरण विरोधि विधेयक ल्याएर सरकारले मधेश र मधेसीको अस्तित्व समाप्त पार्न खोजेको समेत उनको आरोप छ । यस्तै जसपा नेपालकी कोषाध्यक्ष एवं प्रदेश सांसद सुरिता साहले मधेशविरोधी सरकारले संघीयता समाप्त गरी मधेसीलाई अल्पमतमा पार्न भूमिसम्बन्धी विधेयक ल्याएको आरोप लगाए । जसपाका नेताहरु सुरेन्द्र यादव, हरिनारायण यादवलगायतले भूमि विधेयक मधेश र मधेशीको भवनाविपरीत रहेकोले स्वीकार्न नसकिने बताए ।

# स्वास्थ्य

## महिनावारी अनियमित हुनुको कारण के हो ?



महिनावारी महिलामा हुने प्राकृतिक प्रक्रिया हो । किशोरीवस्थामा पुगेपछि महिनावारी चक्र सुरु हुन्छ र यो हरेक महिनामा एकपटक हुन्छ। कसैलाई महिनावारी चक्रमा असहज र धेरै दुखाइ हुनसक्छ । त्यसमा महिनावारी अनियमित भएमा तनावको कारण बन्न जान्छ । अनियमित महिनावारी के कारणले हुन्छ ? कुन अवस्थामा यो जोखिमपूर्ण हुन्छ ? भनेर जान्न आवश्यक हुन्छ, ताकि समयमै यसलाई पहिचान तथा उपचार गर्न सकियोस् । सबैभन्दा पहिला अनियमित महिनावारी र नियमित महिनावारीबारे बुझौं । महिनापिच्छे महिलाको पाठेघरको भित्री तह बन्छ । सो तहले निषेचन नभएको अण्डा नपाएपछि टुक्रिन्छ र त्यससँगै रगत बग्छ । गर्भाशयले बनाएको सो रगतको तह योनीमार्ग हुँदै शरीरबाट बाहिर निस्कन्छ । यसैलाई हामी महिनावारी भनेर बुझ्छौं । जुन किशोरावस्थामा प्रवेश गरेपछि सुरु हुन्छ । सन्तान जन्माउनका लागि महिलाको शरीरमा यस्तो प्रक्रिया जारी रहन्छ । सामान्यतया यो २८ दिनदेखि ३५ दिनभित्रमा हुन्छ । अर्थात् कसैलाई हरेक २८ दिनमा महिनावारी हुन्छ भने कसैलाई ३५ दिनभित्रमा । यसरी एकै गतिमा उल्लेखित मितिमा महिनावारी समान रुपमा भइरहन्छ भने त्यसलाई नियमित महिनावारी भनिन्छ । त्यसबाहेक पनि कसैलाई छिटो वा कसैलाई ढिलो महिनावारी हुनसक्छ, जसलाई महिनावारी गडबडी वा अनियमित महिनावारी भनेर बुझिन्छ ।

**कारण** कुनै कारणवश एस्ट्रोजेन र प्रोजेस्टेरोन हार्मोनको असन्तुलन भएमा अनियमित महिनावारी हुन्छ । यी हार्मोनमा असन्तुलन आउने थुप्रै कारण छन् । जसलाई सामान्य र गम्भीर दुई भागमा विभाजन गर्न सकिन्छ ।

**सामान्य मान्न सकिने अवस्था तनाव बढ्नु** महिनावारी चक्र गडबडी हुने ९० प्रतिशत कारण तनाव मानिन्छ । कुनै कुराको तनाव अत्यधिक मात्रामा लिंदै गएमा हार्मोनको सन्तुलनमा गडबड आउँछ । किनभने तनाव उच्चतम बिन्दुमा पुगेपछि तनाव हार्मोन एन्ड्रोलिन र कोर्टीसोल हार्मोन हाबी हुन जान्छ । जसले एस्ट्रोजेन र प्रोजेस्टेरोन हार्मोनमा प्रतिक्रिया गरी यसको उत्पादनमा असर गर्छ । जसले अण्डालाई उत्पादन हुन दिंदैन र महिनावारी नियमित हुँदैन ।

**तौल घट्नु** यदि शरीर दुब्लो छ वा अचानक तौल घटिरहेको छ भने पनि महिनावारी अनियमित हुनसक्छ ।

## उपेन्द्र यादवद्वारा संविधान कार्यान्वयनप्रति असन्तोष व्यक्त



**काठमाडौं,१५ भदौ ।**

जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले संविधान कार्यान्वयनको ढिलाइप्रति गम्भीर असन्तुष्टि जनाएका छन् । २०७२ साल असोज ३ गते संविधान घोषणा भएको प्रसंग स्मरण गर्दै उनले भने, "त्यतिबेला कसैले दिपावली गरेर स्वागत गरे भने कसैले कालो दिवस मनाए । तर, आजसम्म संविधानलाई पूर्ण कार्यान्वयन गर्ने आवश्यक कानुनहरू बन्न सकेका छैनन् ।" यादवका अनुसार संविधानको धारा ४७ ले मौलिक हकलाई तीन वर्षभित्र कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरे पनि एक दशक बितिसक्दा पनि करिब २७ वटा संघीय कानुन अझै बन्न बाँकी छ ।

"मौलिक हक, संघीयता र समावेशिताका प्रावधान लागू गर्नुपर्ने कानुन अझै बनेका छैनन्," उनले प्रतिनिधि सभामा बोल्दै प्रश्न गरे, "जनताले संविधानमा सुनिश्चित हक कहिले उपभोग गर्ने हो?" उनले दलित अधिकार (धारा ४०), सामाजिक न्याय (धारा ४२) लगायतका प्रावधान कार्यान्वयन गर्न आवश्यक कानुन अझै नबनेको भन्दै आलोचना गरे । त्यस्तै, धारा ५६ मा उल्लेखित विशेष, संरक्षित र स्वायत्त क्षेत्र निर्माण गर्ने आधारसमेत अस्पष्ट रहेको उनको भनाइ थियो ।

संविधानको अनुसूची ७ र ९ मा संघ, प्रदेश र स्थानीय तहबीच बाँडिएका अधिकारसम्बन्धी कानुन नबनिएको विषय उठाउँदै यादवले संघीयताको मर्म विपरीत संघले प्रदेशको अधिकारसमेत कब्जा गरिरहेको आरोप लगाए । यादवले संविधान जारी हुने क्रममा संशोधन गर्ने प्रतिबद्धता भए पनि त्यसमा पनि प्रगति नदेखिएको उल्लेख गर्दै प्रश्न गरे, "के संविधान संशोधन केवल आश्वासन र भाषणकै विषय हो?" उनको भनाइमा, संविधानको एक दशक पूरा हुँदा पनि कार्यान्वयन प्रक्रियामा देखिएको ढिलासुस्तीले जनतामा अधिकारप्रति विश्वास कम भइरहेको छ ।

## सर्लाहीका तीन पालिका अझै निमित्तकै भरमा

**सर्लाही,१५ भदौ ।**




सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले देशका सबै पालिकामा प्रमुख प्रशासकीय अधिकृत (सीएओ) जिम्मेवारी सुनिश्चित भएको घोषणा गरे पनि सर्लाहीका तीन पालिका अझै निमित्तकै भरमा चलिरहेका छन् । मन्त्री न्यौपानेले बिहीबार १२२ उपसचिव र ९७ शाखा अधिकृतलाई एकसाथ सरुवा गर्दै पालिकाहरूमा प्रमुख प्रशासकीय अधिकृत खटाइएको घोषणा गरेका थिए । नगरपालिकामा उपसचिव र गाउँपालिकामा शाखा अधिकृत प्रमुख प्रशासकीय अधिकृत हुने व्यवस्था छ । तर सर्लाहीमा तीन पालिका–हरिपुर नगरपालिका, कविलासी नगरपालिका र विष्णु गाउँपालिका–अझै निमित्तकै भरमा छन् । हरिपुरमा गत वर्ष माघदेखि शाखा अधिकृत विनय पौडेलले, कविलासीमा आयुर्वेद शाखाका वैद्य निरीक्षक राजकिशोर महतोले, र विष्णु गाउँपालिकामा स्वास्थ्य शाखाका कर्मचारी सञ्जीव सापकोटाले लामो समयदेखि निमित्त प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्दै आएका छन् । मन्त्रालयले अन्य आठ पालिकामा भने बिहीबार प्रमुख प्रशासकीय अधिकृत खटाएको छ । ईश्वरपुर, बागमती र बलरा नगरपालिकामा क्रमशः उपसचिव रामप्रसाद पोखरेल, इन्द्र गौतम र धर्मानन्द जोशीलाई, चन्द्रनगर, धनकौल, रामनगर, ब्रह्मपुरी र कौडेना गाउँपालिकामा शाखा अधिकृत हरिशङ्कर यादव, चन्द्रशेखर शर्मा, उमेश महतो, धीरेन्द्रकुमार यादव र उदयशङ्कर चौधरीलाई प्रमुख प्रशासकीय अधिकृत बनाएर खटाइएको छ ।हाल प्राविधिक, स्वास्थ्यकर्मी र शिक्षा शाखाका कर्मचारीहरूले पनि निमित्त प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यभार सम्हालेका छन् । मन्त्रालयले बारम्बार सरुवा गरे पनि केही कर्मचारीले पालिकामा हाजिर नहुने वा आफैं नआउने गरेकोले नयाँ खटिएका अधिकृतको उपस्थिति अझै निश्चित नभएको बताइएको छ ।

## मोबाइल चोरी आरोपमा कुटिएका दलित युवाको मृत्यु परिवारले हत्या दाबी गर्दै जाहेरी

**रौतहट,१५ भदौ ।**



रौतहटका एक दलित युवक नसिब बैठक मोबाइल चोरीको आरोपमा कुटपिट भएपछि मृत्यु भएको छ। कटहरिया नगरपालिका-४ बहादुरपुरका २८ वर्षीय नसिब ११ भदौमा बीरगन्जस्थित स्पोर्ट अस्पतालमा उपचारको क्रममा निधन भएका थिए । घटनाको विवरणअनुसार, १६ साउनमा कटहरिया बजारको खाजा पसलमा ३२ वर्षीय गर्भुदयाल सर्वङ्गले मोबाइल चोरीको आरोप लगाएर नसिवमाथि कुटपिट गरेका थिए । भोलिपल्ट १७ साउनमा गाउँकै सञ्जय यादव र विजय यादवले उनलाई आँपको बगैँचामा लगेर बेल्ट, साइकलको चेन र मुक्काले निर्घात कुटपिट गरेका थिए । स्थानीय दीपलालले घटना देखेपछि प्रहरीलाई खबर गरेका थिए। प्रहरी नसिवलाई उद्धार गरेर चौकी लगे पनि मोबाइल चोरीको पुष्टि नभएपछि उनलाई फर्काइदिएको थियो । तर, सञ्जयको मोबाइल घरमै फेला परेको थियो । चार दिनपछि नसिवको स्वास्थ्य बिग्रँदै गएर उनलाई कटहरिया जीवन ज्योति अस्पताल, त्यसपछि गौर अस्पताल र अन्ततः वीरगञ्ज स्पोर्ट अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो ।

नसिवको मृत्युपछि परिवारले चार जनाविरुद्ध इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिएका छन् । डीएसपी राजन कार्कीका अनुसार जाहेरीको आधारमा कर्तव्य ज्यान मुद्दा दर्ता गरिएको छ ।

घटनामा संलग्न ३२ वर्षीय गर्भुदयाललाई पक्राउ गरी कारबाही अघि बढाइएको छ भने अन्य तीनजनाको खोजी भइरहेको छ । मृतकका परिवारले दलित र गरिब भएकै कारण नसिवमाथि झूटो आरोप लगाएर कुटपिट गरिएको र हत्या भएको दाबी गर्दै दोषीमाथि कडा कारबाही र क्षतिपूर्ति माग गरेका छन् ।

## गैरआवासीय नेपाली वंशजको नागरिकता निरन्तरता हुनुपर्ने अध्यक्ष लिङ्देनको माग

**काठमाडौं,१५ भदौ ।**



राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले गैरआवासीय नेपालीहरूको वंशजको नागरिकतामा निरन्तरता हुनुपर्ने माग उठाएका छन् । पार्टीको जिल्ला कार्यसमितिद्वारा आज विर्तामोडमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष लिङ्देनले विदेशमा बसोबास गर्ने नेपालीहरूको योगदानलाई नेपालको समृद्धिसँग जोड्न उनीहरूको नागरिकताको निरन्तरता आवश्यक रहेको तर्क गरे ।

उनले भने, "नेपाल बाहिर पनि नेपाल छ । प्रवासमा रहेका नेपाली भूगोलभन्दा बाहिर भए पनि उनीहरू नेपालको चिन्ता राख्छन् ।" अध्यक्ष लिङ्देनका अनुसार, विसं २०६३/६३ पछि आएको नागरिकता ऐनको संशोधनले दोहोरो नागरिकता नपाउने प्रावधान राख्दा विदेशमा अध्ययन, रोजगारी वा अवसरको खोजीमा पुगेका नेपाली वंशजहरू प्रभावित भएका छन् । "उच्च शिक्षा र रोजगारीका लागि विभिन्न देश पुगेका नेपालीले सम्बन्धित देशको नागरिकता लिनु परेको छ, तर दीर्घकालीन रूपमा योगदान दिने तिनीहरूलाई नागरिकताको अधिकार सुनिश्चित हुनुपर्छ," उनले जोड दिए ।

## दशैंका लागि सुकिला नोट २९ गतेदेखि सटही सुरु हुने

**काठमाडौं,१५ भदौ ।**

यस वर्षको दशैंलाई लक्षित गरी सुकिला नोट साट्न पाइने व्यवस्था भदौ २९ गतेदेखि लागू हुने भएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको सूचनाअनुसार असोज १० गतेसम्म सर्वसाधारणले सुकिला नोट साट्न सक्नेछन् ।

मुद्रा व्यवस्थापन विभागका अनुसार थापाथलीस्थित केन्द्रीय कार्यालयसँगै प्रदेश कार्यालयहरू–विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढीबाट पनि नोट साट्न सकिने व्यवस्था गरिएको छ ।त्यस्तै, इजाजतप्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयमार्फत पनि कारोबारको समयमा नोट सटही गर्न सकिने राष्ट्र बैंकले जनाएको छ । यस वर्ष विजयादशमी असोज १६ गते परेको छ । घटस्थापना असोज ६ गते, फूलपाती १३ गतेका दिन परेको छ। परम्पराअनुसार दशैं पर्व घटस्थापनाबाट सुरु हुन्छ ।

## बारामा भण्डारीको राजनीतिक भेटवार्ता

**बारा,१५ भदौ ।**

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले बाराका नेता-कार्यकर्ताहरुसँग भेटवार्ता गरिरहेकी छन् । बीरगन्ज उद्योग वाणिज्य संघको कार्यक्रममा भाग लिन भण्डारी मधेश झरेकी हुन् । हिजै संघको कार्यक्रम सकिए पनि भण्डारी भोलिसम्म बारामै बस्ने भएकी हुन् । 'आज कलैयामा केही कार्यक्रमहरु तय भएको छ । भोलिसम्म यतै रहन्छौं', भण्डारीसँगै रहेका नेता प्रकाश पौडेलले भने । उनका अनुसार सामाजिक संघसंस्थाका कार्यक्रम सँगै भेटवार्ता चलिरहेको छ । पूर्वराष्ट्रपति भण्डारी आज बिहान गढीमाइ मन्दिर पुगेकी थिइन् । उनलाई महागढीमाइ नगरपालिकाका मेयर उपेन्द्र यादव सहितका स्थानीयले स्वागत गरेका थिए । गढीमाइबाट फर्किएपछि मदन

बाँकी तेश्रो पृष्ठमा⇨

## आन्दोलनरत शिक्षकलाई तलब कट्टा गर्ने चेतावनी

**जनकपुर,१५ भदौ ।**

मनरासिस्वा नगरपालिकाले आन्दोलनको नाममा धर्ना-हडताल गर्ने र विद्यालयको पठनपाठनमा बाधा पुऱ्याउने शिक्षकमाथि कारबाहीको चेतावनी दिएको छ । नगर प्रमुख मोहन पाण्डेयका अनुसार, विद्यालयमा हाजिरी लगाएर कक्षामा पढाइ नगरी आन्दोलनमा जाने शिक्षकको तलब रोक्का गरिनेछ । "हाजिरी गरेपछि विद्यालयमा पढाउनै पर्छ । आन्दोलनमा जानुपर्ने हो भने छुट्टी लिनु पर्छ, अन्यथा तलब कट्टा गरिनेछ," उनले भने ।

तर नगरपालिकाले आन्दोलनरत शिक्षकसँग वार्ता र समाधानको बाटो खुला राख्ने पनि जनाएको छ । नेपाल शिक्षक महासंघमा आबद्ध सामुदायिक विद्यालयका शिक्षकहरूले शुक्रबार विद्यालयमा हाजिरी लगत्तै नगर कार्यालयमा धर्ना बसेका थिए । दुर्गा मावि मनराका प्रध्यानाध्यापक तथा शिक्षक मञ्चका राष्ट्रिय अध्यक्ष कुमुद सिंहले भने, "नगर प्रमुखको चेतावनीप्रति हाम्रो आपत्ति छैन ।

हामी सहमतिमा आन्दोलन र छुट्टीको व्यवस्थापन गर्न तयार छौं । यसअघि पनि १४ दिने आन्दोलनमा सहमतिका आधारमा वर्षे छुट्टी प्रयोग गरिएको थियो । अहिले हामीसँग ५० दिन छुट्टी बाँकी छ ।" शिक्षकहरूको आन्दोलनले मनरासिस्वा नगर क्षेत्रका २७ सामुदायिक विद्यालयका करिब १३ हजार ७ सय विद्यार्थीको पठनपाठनमा बाधा पुऱ्याएको छ । जिल्लामा २५० सामुदायिक शिक्षक कार्यरत छन् ।

## बाघ देखिएपछि बस्तीमा सतर्कता अपनाउन आग्रह

**रौतहट,१५ भदौ ।**

रौतहटको जंगलसहिया साझेदारी वन क्षेत्रमा शनिबार बाघ देखिएको छ । जंगलसहिया सब डिभिजन वन कार्यालयका वन अधिकृत विनोद जेठाराले बाघ नजिकै देखिएको जानकारी दिएका छन् । वन अधिकृत जेठाराले आसपासका बस्तीमा बसोबास गर्ने र दैनिक आवतजावत गर्ने सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेका छन्। बाघले जुनसुकै समयमा आक्रमण गर्न सक्ने भएकाले घरपालुवा जनावर जंगल नजिक चराउन नलैजान पनि उनले सुझाव दिएका छन् । त्यस्तै, राति एक्लै हिंड्ने वा बाइकमा यात्रा गर्नेहरूले सुरक्षा उपायमा विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको पनि वन अधिकृतले चेतावनी दिएका छन् ।

नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
बारागढी गाउँपालिकाको कार्यालय, बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय, परवानीपुर,बारा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा